**धनगढी उप–महानगरपालिका**
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२०७३३
Email : info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

**प.सं. :- २०७९/८०**
**च.नं. :-**

**मिति :-**

## कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति: २०७९।०४।०३)

प्रस्तुत विषयमा यस उप-महानगरपालिकाको ससर्त अनुदान तर्फ आ.व. २०७९।८० का लागि स्वीकृत कार्यक्रम अन्तर्गत विद्यालयस्तरमा सञ्चालन गर्नु पर्ने तपसिलमा उल्लेखित क्रियाकलापहरुका लागि विद्यालय छनौट गर्नु पर्ने भएकोले २०७९ साउन ०४ गते देखि ऐ. भाद्र ७ गते दिनको १:०० बजेभित्र विद्यालय वयवस्थापन समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु संलग्न राखी ईच्छुक विद्यालयहरुले प्रस्ताव पेश गर्नु गराउनु हुन नगर शिक्षा समितिको मिति २०७९।०४।०२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

नरेन्द्र बहादुर खाती
उपसचिव

**तपशिल**

| क्र.सं. | क्रियाकलापहरु | प्रति कोटा रकम | प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु |
|---|---|---|---|
| १ | तोकिएको सूचङ्कको आधारमा कार्य सम्पदान गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान (Performance Based Grants) | रु. ५०,०००।- | ▪ शिक्षा विभागद्वारा प्रकाशित विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारमा विद्यालयले प्रस्तावित कार्ययोजना सहितको प्रस्ताव पेश गर्ने। <br>▪ विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि <br>▪ सम्बन्धित वडाको सिफारिस पत्र। |
| २ | विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) | रु. ६५०,०००।- | ▪ पुस्तकालय/ICT/ विज्ञान प्रयोगशाला जुन कार्यका लागि अनुदान माग गर्ने हो त्यसको स्थापनाका लागि आवश्यक कक्षाकोठा भई उक्त कक्षाकोठामा सम्बन्धित कार्यक्रम स्थापनाका लागि तयार पारिएको प्रस्तावना पत्र <br>▪ यसअघि जिशिका कैलाली वा अन्य निकायबाट हाल माग गरेको प्रकृतिको कार्यक्रम प्राप्त नगरेको व्यहोरा समेत खुलेको विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि र सोही व्यहोरा खुलेको सम्बन्धित वडाको सिफारिस पत्र। |
| ३ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | रु. ६५०,०००।- | |

**बोधार्थ :**

श्री संचार तथा सुचना प्रविधि शाखा : सूचना वेभसाइटमा अपलोड गरिदिनु हुन।